# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०९।२३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रुपन्देही, बुटवल उपमहानगरपालिका वडा नं. १३ साविक बुटवल नगरपालिका वडा नं. ९ख को सार्वजनिक जग्गा बुटवल क्षेत्र हेर्ने नापी कार्यालयका अमिनले अन्य जग्गाधनीहरुसँग मिलेमतो गरी उक्त जग्गा फिल्डमा नभएको जानकारी गराएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **नापी कार्यालय, बुटवल, रुपन्देही तत्कालीन नापी निरीक्षक ध्रुवराज मरासिनीले** जिल्ला रुपन्देही साविक बुटवल ९ख मा पर्ने सार्वजनिक बाटो कायम रहेको कि.नं. ४८६३ को जग्गालाई मिति २०६३।६।२९ गते ट्रेस नक्सा तयार गर्दै कित्ताकाट गरी कि.नं. ५९७८ र ५९७९ कायम गरेको, कायम हुन आएको कित्ता नं. ५९७९ लाई साविक जग्गाधनी कै नाउँमा कायम गरिएको तर कित्ता नं. ५९७८ लाई फाईल नक्सा नम्बर ५९८ मा पारी साविकका जग्गाधनी हुँदै हालका जग्गाधनीलाई विक्री गरिएको, यसरी सार्वजनिक बाटो रहेको जग्गालाई कित्ताकाट गरी व्यक्तिविशेषमा दर्ता गर्नुका साथै सरकारी नक्सा नम्बरसमेत फरक पारी जिल्ला रुपन्देही साविक बुटवल ९ख को कि.नं. ३०४७ लाई फिल्डबाट नै गायब गराउने गरी प्रमाणित गर्ने कार्य गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सरकारी निकायको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने वा हेरफेर गर्ने तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ज) बमोजिम सार्वजनिक बाटोलाई व्यक्तिका नाउँमा कायम गरी व्यक्तिलाई नै लाभ हुने किसिमले खरिदविक्री गर्ने गराउने कार्यको कसुर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ तथा दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवानाको मागदावी लिइएको छ।

**नापी कार्यालय, बुटवल, रुपन्देही तत्कालीन सर्वेक्षक शिवनाथ मण्डलले** सार्वजनिक बाटो रहेको जग्गालाई कित्ताकाट गरी व्यक्तिविशेषमा दर्ता गर्नुका साथै सरकारी नक्सा नम्बरसमेत फरक पारी जिल्ला रुपन्देही साविक बुटवल ९ख को कि.नं. ३०४७ लाई फिल्डबाट नै गायब गराउने गरी रुजु गर्ने कार्य गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सरकारी निकायको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने वा हेरफेर गर्ने तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ज) बमोजिम व्यक्तिलाई नै लाभ हुने किसिमले खरिदविक्री गर्ने गराउने कार्यको कसुर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ तथा दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवानाको मागदावी लिइएको छ।

**नापी कार्यालय, बुटवल, रुपन्देही तत्कालीन अमिन शौकत अलि खाँले** सार्वजनिक बाटो रहेको जग्गालाई कित्ताकाट गरी व्यक्तिविशेषमा दर्ता गर्नुका साथै सरकारी नक्सा नम्बरसमेत फरक पारी जिल्ला रुपन्देही साविक बुटवल ९ख को कि.नं. ३०४७ लाई फिल्डबाट नै गायब गराउने गरी तयार गर्ने कार्य गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सरकारी निकायको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने वा हेरफेर गर्ने तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ज) बमोजिम व्यक्तिलाई नै लाभ हुने किसिमले खरिदविक्री गर्ने गराउने कार्यको कसुर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ तथा दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवानाको मागदावी लिइएको छ।

**जग्गाधनी नन्द बहादुर कालाथापाले** जिल्ला रुपन्देही साविक बुटवल ९ख मा पर्ने सार्वजनिक बाटो कायम रहेको कि.नं. ४८६३ को जग्गालाई नापी कार्यालयका कर्मचारीहरुसँग मिलमतो गरी मिति २०६३।६।२९ गते

फाईल नक्सा परिवर्तन गर्न-गराउन लगाई कित्ताकाट गरी सार्वजनिक बाटोलाई व्यक्तिका नाउँमा कायम गरी व्यक्तिगत लाभ हुने किसिमले खरिदविक्री गर्ने गराउने तथा सार्वजनिक बाटोको जग्गाको क्षेत्रफल घटाउने कार्य गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवानाको मागदावी लिई आरोप पत्र दायर गर्नुपर्नेमा निजको मृत्यु भईसकेको देखिँदा फौजदारी न्यायको सामान्य सिद्धान्त तथा मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा १३३ बमोजिम सजायको दावी नगरी जग्गा सार्वजनिक गर्ने प्रयोजनका लागि प्रतिवादी बनाइएको।

**जग्गाधनी मान प्रसाद श्रेष्ठको हकमा** जिल्ला रुपन्देही साविक बुटवल ९ख मा पर्ने सार्वजनिक बाटो कायम रहेको कि.नं. ४८६३ को जग्गालाई कित्ताकाट गरी कि.नं. ५९७८ कायम हुन गएको देखिएकोमा सार्वजनिक जग्गा खरिदविक्री गर्दा निजको संलग्नता नदेखिई पछि मात्र जग्गा खरिद गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ को प्रतिवन्धात्मक वाक्याश बमोजिम उक्त कित्ताकाट बदर गरी सार्वजनिक बाटो कायम गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया